नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौँ

(प्रशासन शाखा)

## जिल्ला प्रशासन कार्यालय, काठमाडौंको अत्यन्त जरुरी सूचना

काठमाडौं उपत्यकामा जारी गरिएको निषेध आदेश कायमै रहेको व्यहोरा सर्वसाधारण सबैमा विदितै छ। पछिल्लो केही दिन देखि काठमाडौ उपत्यका लगायतका जिल्लाहरुमा कोरोनाको संक्रमण दर उच्च हुँदै गएको, अस्पतालहरुमा भेन्टीलेटर, ICU र आकस्मिक सेवाका वेडहरुमा बिरामीहरुको चाप बढ्दै गएको अवस्था भएकोले कोरोनाको संक्रमण दर घटाउनुमा सबै पक्ष र समुदायको उक्तिकै जिम्मेवारी र भूमिका रहन्छ । तर निषेधाज्ञा जारी रहेको तथा संक्रमणको जोखिम उच्च रहेको वर्तमान अवस्थामा विभिन्न समुहबाट भीडभाडजन्य क्रियाकलाप गर्ने, विभिन्न प्रकारका सभा, सम्मेलन, धर्ना, जुलुस, गोष्ठी, र्‍यालीजस्ता गतिविधिमा संलग्न रहने, तोकिएको स्वास्थ्य मापदण्डको परिपालना नगर्ने, मास्कको उचित प्रयोग नगर्ने, भौतिक दूरी कायम नगरी अव्यवस्थित रुपमा सार्वजनिक गतिविधि संचालन गर्नाले कोभिड-१९ को संक्रमण दर अझ उच्च हुन गई तेस्रो लहर आउन सक्ने सम्भावना देखिएकोले स्वास्थ्य मापदण्ड विपरित यस्ता गतिविधिहरु नगर्न/नगराउन सबै पक्षलाई सूचित गरिन्छ। जारी निषेधाज्ञा र स्वास्थ्य मापदण्डको उल्लंघन गरी गतिविधि गरे/गराइएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।

०८८/४/१५

काली प्रसाद पराजुली
प्रमुख जिल्ला अधिकारी

कार्यालयको ठेगानाः बबरमहल, काठमाडौं
फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५फ्याक्स नं. ०१-४२६२८२८
इमेलः daobabarmahal@gmail.com